**मिति २०७८/४/१८ गतेको सचिव वैठकको निर्णय-**

१. मिति २०७८/४/१३ गतेको नेपाल सरकार, सचिव वैठकको निर्णयहरु जानकारी गरियो ।उक्त वैठकको निर्णय नं. २ बमोजिम सबै सचिवहरुले नेपाल सरकारले स्वीकृत गरेको इमेल लिई सरकारी कामको सिलसिलामा सोही इमेल प्रयोग गर्ने व्यवस्था मिलाउने ।

२. सबै मन्त्रालयहरुले यहि हप्ताभित्र मन्त्रालयस्तरीय समीक्षा वैठक सकि लगत्तै हुने प्रदेश सरकारको समीक्षा वैठकको तयारी गर्ने ।

३. भौतिक पूर्वाधार विकास मन्त्रालयको सचिवले प्रदेश राजधानी भौतिक पूर्वाधार विकास परियोजनाको डिपिआर तयारी सम्बन्धमा आवश्यक कार्य शुरु गर्ने ।

४. मन्त्रालयहरुले मन्त्रालय र मातहतका निकायको स्वामित्वमा रहेका र चालु हालतमा नरहेका सवारी साधनहरु १ महिनाभित्र मर्मतसम्भार गरी प्रयोगमा ल्याउने । मर्मतसम्भार गरी चलाउन सक्ने अवस्था नभएमा १ महिना भित्र लिलाम प्रकृया सुरु गर्ने ।

५. सबै मन्त्रालयहरुले प्रदेश सभाबाट पारित भई प्रमाणिकरण भएका आ-आफ्नो मन्त्रालयसम्बद्ध ऐन बमोजिम नियमावली बनाउनुपर्ने भएमा १ हप्ताभित्र सोको मस्यौदा तयार गरी आवश्यक छलफल र स्वीकृतिका लागि प्रकृया अघि बढाउने ।

६. प्रदेश निजामति कर्मचारी सूचना प्रणाली (PPIS) सफ्टवेयरमा कर्मचारीहरुको विवरण इन्ट्री गर्ने प्रयोजनार्थ सबै मन्त्रालयहरुले कर्मचारीको अद्यावधिक विवरण तयार पारी डाटा इन्ट्री गर्ने व्यवस्था मिलाउने ।

७. माथि उल्लेखित निर्णयहरुको प्रगति विवरण आगामी सचिव बैठकमा लिई आउने ।

८. प्रदेश सरकारका मन्त्रालयहरुमा वेरुजु फर्छ्यौटको अवस्था सन्तोषजनक नरहेको देखिँदा बेरुजु फर्छ्यौट सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा सम्पादन गर्नका लागि सबै मन्त्रालयहरुले आ-आफ्नो मन्त्रालयको कुनै कर्मचारीलाई जिम्मेवारी तोकी सो सम्बन्धी कार्यलाई प्राथमिकताका साथ अघि बढाउने ।चालु आ.व. को असार मसान्तसम्म तोकिएको Threshold पुरा गर्ने ।

९. सबै मन्त्रालयहरुले मन्त्रालय र मातहतका निकायमा कार्यरत जिम्मेवार कर्मचारी/पदाधिकारीहरुको Official Email बनाई सोही अनुरुप प्रयोगमा ल्याउने व्यवस्था मिलाउने ।

१०. सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ बमोजिम नियमित रुपमा स्वतः प्रकाशन गरिनुपर्ने विषयवस्तुहरु सम्बद्ध मन्त्रालय/निकायहरुले अनिवार्य रुपमा प्रकाशन गर्ने ।

११. सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६ को प्रावधान बमोजिम प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयानुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा गठित **प्रदेश अनुगमन ईकाइ**ले तत्काल कार्यारम्भ गर्ने र नियमित रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन दिने ।

१२. Daily Diary तयार लागु गर्ने गराउने र सुदूरपश्चिम प्रदेशको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) को अन्तिम प्रतिवेदन उपर Feedback उपलब्ध गराउने विषयका सम्बन्धमा यसपूर्व मिति २०७८/३/६ को सचिव वैठकबाट भएको निर्णय शीघ्र कार्यान्वयन गर्ने ।

१३. आगामी आर्थिक वर्षको लागि सबै मन्त्रालयहरुले अनिवार्य रुपमा Daily Diary तयार पारी संस्थागत Memory रहने गरी सोही अनुरुप सम्बद्ध मन्त्रालय र मातहतका कर्मचारीहरुले दैनिक डायरी भर्ने र मन्त्रालयले सोको मूल्यांकन गर्ने, गराउने ।

१४. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (NASC) द्वारा तयार पारिएको यस प्रदेशको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) को अन्तिम प्रतिवेदन प्राप्त भईसकेको सन्दर्भमा उक्त प्रतिवेदनका सम्बन्धमा सबै मन्त्रालयहरुले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा १ हप्ताभित्र अनिवार्य रुपमा Feedback उपलब्ध गराउने । सो समयमा सुझाव उपलब्ध नगराएमा सोबाट पर्न जाने असरको जिम्मेवार सचिव स्वयं हुने ।

१५. सबै मन्त्रालयहरुले आ-आफ्नो मन्त्रालयको वेवसाइट अनिवार्य रुपमा अद्यावधिक गर्ने र उक्त कार्यलाई निरन्तरता दिदै लाने। मन्त्रालयहरुको वेवसाइटमा कर्मचारी विवरण अपडेट गर्ने सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०७७/१२/९, च.नं. १३३० र मिति २०७८/१/१२, च.नं. १५३९ बाट प्रेषित पत्रको विषय कार्यान्वयन गर्ने, गराउने ।

१६. सबै मन्त्रालयले मन्त्रालय स्यंव र मातहतका निकायहरुको वेरुजु फर्छ्यौट सम्बन्धी कार्य उच्च प्राथमिकताका साथ अघि बढाउने र आगामी दिनहरुमा वेरुजु हुन नदिने तर्फ विशेष ध्यान दिने ।

१७. आगामी आ.व. २०७८/०७९ को बार्षिक बजेट तथा कार्यक्रमको Indicator Wise Action Plan श्रावण महिनाको पहिलो हप्ताभित्र अनिवार्य रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने ।

१८. मु.म. तथा म.प. कार्यालयको पूर्व स्वीकृति बिना मन्त्रालयका सचिवहरु प्रदेश बाहिर नजाने र प्रदेश भित्र काजमा जाँदा मु.म. तथा म.प. कार्यालयलाई जानकारी दिने सम्बन्धमा मिति २०७७/१२/२ गतेको सचिव वैठकबाट भएको निर्णय कार्यान्वयन गर्ने।

१९. र यसपूर्व सचिव वैठकबाट समेत सबै मन्त्रालयहरुले आ-आफ्नो मन्त्रालयसँग सम्बन्धित विषयवस्तु उपर मन्त्रालयको धारणा, आवश्यकता, थपघट गरिनुपर्ने विषय लिखित रुपमा तीन दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने निर्णय समेत भएको हुँदा यसपूर्व विभिन्न मितिको सचिव वैठकको निर्णयानुसार मन्त्रालयहरुको धारणा लिखित रुपमा माग गरिएकोमा यस कार्यालयबाट समेत सचिवहरुलाई पठक-पटक जानकारी दिईएकोमा मन्त्रालयका सचिवहरुले उक्त प्रतिवेदन अध्ययन गरी

२०. केन्द्रमा संघीय निजामती सेवा ऐन निर्माणको क्रममा रहेको र यस प्रदेशमा पनि प्रदेश निजामती सेवा ऐन निर्माणको चरणमा रहेकोले संघीय निजामती सेवा ऐन र प्रदेश निजामती सेवा ऐनमा समेटिनुपर्ने विषयवस्तुहरुको विवरण तयार पारि हार्डकपि र सफ्टकपी सहित सबै सचिवले मिति २०७७/१२/२२ गतेसम्म मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने।

२१. प्रदेश सरकारका विभिन्न मन्त्रालय, मातहतका कार्यालय/निकाय, सचिवालय, आयोग लगायत अन्य सरोकारवाला निकायहरुबाट संचालन गरिने विभिन्न तालिम, सेमिनार, गोष्ठी ईत्यादिको लागि धनगढीमा प्रदेशस्तरीय

सुविधासम्पन्न तालिम/सेमिनार हल को अभाव रहेको हुँदा सुविधासम्पन्न तालिम हल निर्माणका साथै प्रदेश सरकारका प्रमुख सचिव लगायत सबै सचिवहरुको संयुक्त आवास प्रयोजनका लागि धनगढीमा आवास भवन निर्माण सम्बन्धी कार्यका लागि भौतिक पूर्वाधार विकास मन्त्रालयले आवश्यक प्रकृया अघि बढाउने ।